




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं २३ गते मंगलबार ❑ 8 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा उद्योग वाणिज्य संघमा पहिलो महिला अध्यक्ष

**पोखरापत्र संवाददाता**

पोखरा, २२ भदौं

पोखरा उद्योग वाणिज्य संघको ७२ वर्षे इतिहासमा नयाँ अध्याय थपिएको छ । संघको अध्यक्षमा शोभा गौतम निर्वाचित भएसँगै निजी क्षेत्रको यो पुरानो छाता संगठनले पहिलोपटक महिला नेतृत्व पाएको हो । संघको ३६औँ महाधिवेशनअन्तर्गत आइतबार भएको निर्वाचनमा अध्यक्ष पदका अन्य तीन प्रतिस्पर्धीलाई पछि पार्दै गौतम निर्वाचित भएकी हुन् । अन्तिम मतपरिणामअनुसार गौतमले ७५१ मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी अर्जुन पोखरेलले ६३७ मत पाए । उत्तममान बुद्धाचार्यले ६०१ र बलराम आचार्यले २५३ मत प्राप्त गरे ।



गौतमले पोखरेललाई ११४ मतको अन्तरले पराजित गरेकी हुन् । संघका २ हजार ७३१ सदस्य मतदाता रहेकामा अध्यक्ष तथा पदाधिकारीतर्फ २ हजार २७४ मत खसेको निर्वाचन समितिका संयोजक दामु अधिकारीले बताए । पोखरा उद्योग वाणिज्य संघको अध्यक्षमा यसअघि महिला तर्फ हीरा भट्टराई र बिन्दु कोइरालाले पनि प्रतिस्पर्धा गरेका थिए । तर, महिला नेतृत्वको प्रयास सफल हुन सकेको थिएन । गौतमको जितसँगै संघको इतिहासमा पहिलोपटक महिलाले अध्यक्षको जिम्मेवारी सम्हाल्ने बाटो खुलेको हो ।

गौतमको व्यावसायिक यात्रा भने आजभन्दा करिब २६ वर्षअघि संघकै कार्यालयअगाडि सञ्चालन गरेको सानो चिया पसलबाट सुरु भएको थियो । सामान्य व्यवसायबाट सुरु भएको उनको यात्रा अहिले ब्युटी पार्लर, लुब्रिकेन्ट, फेसन, इभेन्ट म्यानेजमेन्ट, रेस्टुरेन्ट, कृषि तथा ग्रोसरीलगायतका विभिन्न क्षेत्रमा फैलिएको छ । उनी २०७३ सालमा पोखरा उद्योग वाणिज्य संघको साधारण सदस्यका रूपमा संस्थागत यात्रामा प्रवेश गरेकी थिइन् । त्यसपछि सर्वाधिक मतसहित कार्यसमिति सदस्य निर्वाचित हुँदै उपमहासचिव र महासचिवको जिम्मेवारी सम्हालिसकेकी गौतम अहिले संघको सर्वोच्च कार्यकारी नेतृत्वमा पुगेकी हुन् ।

गौतमले निर्वाचनका क्रममा 'सुदृढ संघ, सक्षम नेतृत्व र समावेशी टिम' तथा 'जुझारु नेतृत्व-सबल संघ, समृद्ध पोखरा' भन्ने नारासहित प्यानल घोषणा गरेकी थिइन् । उनले सार्वजनिक गरेको १४ बुँदे प्रतिबद्धता पत्रमा 'मेड इन पोखरा' अभियान, महिला तथा युवा उद्यमशीलताको प्रवर्द्धन र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनलाई प्राथमिकतामा राखेकी छन् ।

निर्वाचनबाट वरिष्ठ उपाध्यक्षमा दिनेशचन्द्र बास्तोला, उद्योग उपाध्यक्षमा सौगात थापा, वाणिज्य उपाध्यक्षमा मनोजकुमार श्रेष्ठ, महासचिवमा सुदीप प्रधानाङ्ग, कोषाध्यक्षमा देवेन्द्र प्रजू र उपमहासचिवमा प्रदीप राजभण्डारी निर्वाचित भएका छन् । उद्योग उपाध्यक्षमा निर्वाचित सौगात थापा गौतम प्यानलबाट प्रतिस्पर्धामा उत्रिएका थिए । त्यस्तै खुला सदस्यतर्फ दुर्गा बराल, अमृत पोखेल, निर्मला चापागाईं, गोविन्दबहादुर केसी, रामेश्वर अधिकारी, मनोहरि पौडेल, भानुभक्त अधिकारी, दिलीपकुमार श्रेष्ठ, रामप्रसाद कँडेल र कमलबहादुर सुनार निर्वाचित भएका छन् । वस्तुगत सदस्यतर्फ केशव ढकाल, मुक्तिप्रसाद पनेरु, लक्ष्मीप्रसाद अधिकारी र लालप्रसाद ढकाल तथा औद्योगिक सदस्यमा पिताम्बर अधिकारी यसअघि नै निर्विरोध निर्वाचित भएका थिए । संघको नयाँ कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ । गौतमको नेतृत्वसँगै पोखराको निजी क्षेत्रले महिला नेतृत्व, समावेशिता र उद्यमशीलताको नयाँ अभ्यासतर्फ अघि बढ्ने अपेक्षा गरिएको छ । शनिबार निर्वाचन भए पनि आइतबार मतगणना भएको हो ।

## बर्खापछि फेरि चलायमान हुँदै अन्नपूर्ण पदमार्ग

**पोखरापत्र संवाददाता**

पोखरा, २२ भदौं

वर्षायामसँगै घटेको अन्नपूर्ण पदमार्गको पर्यटक आगमन पछिल्लो दुई सातायता बढ्न थालेको छ । अघिल्लो साता करिब १५० पर्यटक धारापानी हुँदै प्रवेश गरेकामा पछिल्लो साता उक्त सङ्ख्या बढेर करिब १०० पुगेको छ ।

पर्यटकको आगमन बढेसँगै पदमार्ग आसपासका पर्यटन व्यवसायी पनि उत्साहित भएका छन् । वर्षायाम सुरु भएपछि पर्यटक आगमन घटेको थियो । मुख्ययाममा दैनिक ५०० देखि ६०० सम्म पर्यटक आउने गरेकामा वर्षायाममा कतिपय दिन एक-दुई जना र अन्य दिन १०-१५ जनासम्म मात्रै आउने गरेका धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङले बताउनुभयो ।

भदौमा हालसम्म ६१४ जना पर्यटक धारापानी चेकपोस्ट हुँदै प्रवेश गरेका छन् । तीमध्ये ९९ सार्क मुलुकका र ५१५ जना गैरसार्क मुलुकका छन् । पछिल्लो समय विशेषगरी मनास्लु हिमाल आरोहण तथा पदयात्राका लागि आउने पर्यटक बढेका गुरुङले बताउनुभयो । "पछिल्लो दुई सातादेखि पर्यटकको आगमन बढिरहेको छ । अहिले विशेषगरी मनास्लु हिमाल चढ्न आउने पर्यटक बढी छन्", उहाँले भन्नुभयो, "अब मुख्य पर्यटन याम सुरु हुँदै गएकाले पर्यटकको सङ्ख्या अझ बढ्ने अपेक्षा छ ।"

धारापानी चेकपोस्टको तथ्याङ्कअनुसार सन् २०२६ जनवरी १ देखि सेप्टेम्बर ६ सम्म २० हजार ९१७ पर्यटक उक्त प्रवेशबिन्दु हुँदै आएका छन् । लमजुङको बेँसीसहरबाट सुरु हुने अन्नपूर्ण पदमार्ग मनाङ हुँदै थोराङ्ला भञ्ज्याङ पार गरेर मुस्ताङतर्फ पुग्छ । म्याग्दी र कास्की क्षेत्रसँग जोडिने यो पदमार्ग पाँच जिल्लाको प्राकृतिक तथा सांस्कृतिक विविधता समेट्ने प्रमुख पदयात्रा मार्ग हो । हिमाली दृश्य, हिमाली बस्ती, स्थानीय संस्कृति तथा प्राकृतिक र धार्मिकस्थलको अवलोकन गर्न पाइने भएकाले यो मार्ग पर्यटकको रोजाइमा पर्दै आएको छ ।

वर्षायाममा व्यवसाय सुस्ताएपछि केही समय सुनसान बनेका पदमार्ग आसपासका होटल तथा पर्यटन व्यवसायी अहिले पुनःसक्रिय हुन थालेका छन् । मर्स्याङ्दी गाउँपालिका-४, च्याम्चेका पर्यटन व्यवसायी बाबुराम तामाङले असोज र कात्तिकमा पर्यटकको चाप बढ्ने भएकाले व्यवसायी उत्साहित रहेका बताउनुभयो । "असोज र कात्तिकमा पर्यटकको चाप निकै बढ्छ । उक्त समयमा निकै व्यस्त हुन्छौँ र व्यवसाय पनि राम्रसँग चल्छ । दैनिक रु ५० हजारसम्म कारोबार हुन्छ", उहाँले भन्नुभयो । यस वर्ष पर्यटकको आगमन अझ बढ्ने अपेक्षा गरिएको बताउँदै तामाङले पदमार्गको बाटो सुधारमा ध्यान दिनुपर्ने बताउनुभयो । "पर्यटक आउनेमा हामी निकै उत्साहित र आशावादी छौँ । बाटो राम्रो र सहज बनाउन सकिए पर्यटकलाई थप सहज हुनुका साथै आगमन पनि बढ्नेछ", उहाँले भन्नुभयो । पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङ, खुसीबहादुर तामाङलगायत व्यवसायी पनि मुख्य याममा पर्यटकको आगमन बढ्ने अपेक्षामा छन् । मौसम अनुकूल बन्दै गएपछि दैनिक ३०० देखि ४०० सम्म पर्यटक पदमार्गमा आउने उहाँहरूको अनुमान छ । अन्नपूर्ण पदमार्गमा असोजदेखि मङ्सिरसम्म मुख्य पर्यटकीय याम हो । दसैं, तिहार तथा त्यसपछिका समयमा पदयात्रीको आगमन बढ्ने भएकाले लामो समयदेखि सुस्ताएको पर्यटन व्यवसायले गति लिने व्यवसायीको विश्वास छ ।

## विपत्तिमा परेका नागरिकलाई राज्यको साथ चाहिएको छ: राष्ट्रपति पौडेल

**रासस**

काठमाडौं, २२ भदौं

राष्ट्रपति रामचन्द्र पौडेलले यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित एवं प्राकृतिक विपत्तिमा घरबारविहीन भएका, आफन्त गुमाएका, विस्थापित भएका र आफ्नो जीविकोपार्जनका आधार खोसिएका नागरिकहरूको पीडा अत्यन्त गहिरो रहेकाले अहिले उनीहरूलाई राज्यको साथ र भरोसा चाहिएको बताउनुभएको छ । उहाँले पीडितहरूका गुनासा र मागलाई आलोचना नसम्झी समस्या समाधानको सङ्केतका रूपमा बुझ्न पनि आग्रह गर्नुभएको छ ।

भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित रसुवा र नुवाकोटका विभिन्न क्षेत्रको स्थलगत अवलोकन गरी राजधानी काठमाडौँ फर्केपछि राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति पौडेलले बाढीपीडितहरूको उद्धार, खोज, राहत, पुनर्निर्माण र पुनःस्थापनाका सबै कामलाई अझ प्रभावकारी ढङ्गले अघि बढाउन सरकारबाट राज्यका स्थानीयलगायत सबै तह, निकाय, संरचना र पक्षसँग आवश्यक समन्वय गरेर काम भइरहेको छ भन्नेमा आफू विश्वस्त रहेको बताउनुभयो । उहाँले हामी नेपालीहरू अत्यन्त गहिरो शोक र पीडाबाट गुज्रिरहेको यस कठिन तथा दुःखद क्षणमा आफू नागरिकहरूमाझ केही भन्न उपस्थित भएको उल्लेख गर्दै यो दुःखको घडीमा आफू पनि सबैको साथमा रहेको बताउनुभयो । "यस प्राकृतिक विपत्तिमा घरबारविहीन भएका, आफन्त गुमाएका, विस्थापित भएका र आफ्नो जीविकोपार्जनका आधार खोसिएका नागरिकहरूको पीडा अत्यन्त गहिरो छ । अहिले उनीहरूलाई राज्यको साथ चाहिएको छ, भरोसा चाहिएको छ र सरकार, राजनीतिक दल एवं सम्पूर्ण नागरिक सङ्घसंस्था त्यसका लागि क्रियाशील छन् भन्ने मैले ठानेको छु । यो दुःखको घडीमा म आफू पनि सबैको साथमा रहेको विश्वास दिलाउन चाहन्छु", राष्ट्रपति पौडेलले भन्नुभयो, "हामीलाई थाहा छ कि विपत्तिमा परेका नागरिकको आवाज सुन्नु र उनीहरूको पीडाप्रति संवेदनशील हुनु लोकतान्त्रिक राज्यको आधार भूत कर्तव्य हो, त्यसैले पीडितका गुनासा र मागलाई आलोचनाका रूपमा होइन; समाधानका लागि प्राप्त महत्वपूर्ण सङ्केतका रूपमा ग्रहण गर्न म सरकार तथा सम्बन्धित सबै निकायलाई आग्रह गर्दछु ।" राष्ट्रपति पौडेलले यतिबेलाको गहिरो पीडालाई कम गर्न सक्ने शब्दहरू आफूहरूसँग नभएको उल्लेख गर्दै भन्नुभयो, "परिवारका सदस्य तथा साथीभाइहरूको खबरको प्रतीक्षामा रहनुभएका सबैलाई म खोजी तथा उद्धार कार्य निरन्तर रूपमा जारी रहनेछ भन्ने कुरामा विश्वस्त पार्न चाहन्छु । तपाईंहरूले अनुभव गरिरहनुभएको अनिश्चितताको यो क्षणको पीडा सिङ्गो राष्ट्रले नै महसुस गरिरहेको छ ।"

उद्धार गरिएका प्रत्येक व्यक्तिको खाद्यान्न, स्वच्छ खानेपानी, सुरक्षित आश्रय, आवश्यक औषधोपचार तथा मनोसामाजिक सेवाको पहुँच सुनिश्चित हुनुपर्नेमा राष्ट्रपति पौडेलले जोड दिनुभयो । अहिले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा अन्य जोखिममा रहेका र विशेष संरक्षण आवश्यक पर्ने नागरिकहरूप्रति विशेष ध्यान दिन आवश्यक रहेको तथा अस्थायी आश्रयस्थलहरू सुरक्षित तथा मर्यादित हुनुपर्छ भन्ने विषयमा हामी विशेष रूपमा सचेत र संवेदनशील रहनुपर्ने राष्ट्रपति पौडेलको भनाइ थियो ।

राष्ट्रपति पौडेलले नेपाली नागरिक तथा विदेशी नागरिक दुवैका हकमा उहाँहरूका परिवारजनलाई यथार्थ र विश्वसनीय सूचना उपलब्ध गराउन तथा आफ्ना प्रियजनहरूलाई घर ल्याउन आवश्यक सहजीकरण तथा मानवीय सहयोग उपलब्ध गराउन आवश्यक भएको बताउनुभयो । सबैभन्दा महत्वपूर्ण कुरा हामीले यस विपत्तिमा ज्यान गुमाउनुभएकाप्रति मर्यादा, सम्मान र करुणाका साथ व्यवहार सुनिश्चित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । "मृतकहरूको पहिचान अत्यन्त सावधानी, संवेदनशीलता र जिम्मेवारीका साथ गरिनुपर्दछ । आवश्यकतानुसार डिएनए नमूना तथा अन्य सम्बन्धित अभिलेखहरू सुरक्षित रूपमा संरक्षण गरी पहिचान प्रक्रियालाई विश्वसनीय र व्यवस्थित बनाउनेतर्फ सरकारले विशेष ध्यान दिने नै छ भन्ने मलाई विश्वास छ", राष्ट्रपति पौडेलले भन्नुभयो । यतिबेला नेपालले कहालिलाग्दो प्राकृतिक प्रकोपको सामना गर्नुपरेको र २०८३ भदौ १० गतेका दिन हिमनदीको बरफ तथा चट्टानसहितको हिमपहिरो खसेर आएको विनाशकारी बाढीले नेपाली जनतामाथि अकल्पनीय पीडा ल्याएको तथा यस विपत्तिले असङ्ख्य मानव जीवन, घरपरिवार र जीविकोपार्जनका आधारहरू बगाउनाका साथै सडक, पुल, जलविद्युत् आयोजनालगायत राष्ट्रका महत्वपूर्ण पूर्वाधारमा पनि व्यापक तथा गम्भीर क्षति पुऱ्याएको उहाँले उल्लेख गर्नुभयो । "आज सम्पूर्ण राष्ट्र यस भयावह विपत्तिको शोकमा छ । यो विपत्तिमा परी ज्यान गुमाउनुभएका सम्पूर्ण नागरिकप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । घाइतेहरूको शीघ्र स्वास्थ्य लाभ तथा बेपत्ता नागरिकहरूको खोजी तथा उद्धार कार्य यथाशीघ्र सफल होस् भन्ने कामना गर्दछु", राष्ट्रपति पौडेलले भन्नुभयो । विपत्तिमा प्रत्यक्ष रूपमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी, स्थानीय जनप्रतिनिधि, कर्मचारी, स्वयंसेवक तथा उद्धार र राहतमा संलग्न सम्पूर्ण व्यक्ति र संस्थाप्रति उहाँले उच्च सम्मान व्यक्त गर्नुभयो ।


## भोटेकोशी बाढी: एक हजार ३५६ शव फेला

**रासस**

काठमाडौं, २२ भदौं

रसुवा बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३५६ जनाको शव फेला परेको छ भने अनुमानित चार हजार ९९४ जना सम्पर्कविहीन रहेका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार रसुवामा १६९, नुवाकोटमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

# साहित्यकार चन्द्रमणि अधिकारीलाई गण्डकी प्रज्ञा साहित्य सम्मान अर्पण

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं



तनहुँको म्याग्दे गाउँपालिका-४, जफदीका वरिष्ठ साहित्यकार चन्द्रमणि अधिकारी 'अविचल आस्थामणि'लाई गण्डकी प्रज्ञा-प्रतिष्ठानले ' गण्डकी प्रज्ञा साहित्य सम्मान-२०८३' अर्पण गरेको छ।

हाल स्वास्थ्य अवस्था कमजोर रहेका साहित्यकार अधिकारीको निवासमै पुगेर प्रतिष्ठानले नेपाली साहित्यको श्रीवृद्धिमा उनले पुऱ्याएको विशिष्ट योगदानको कदर गर्दै सम्मान गरेको हो। सम्मानसँगै अधिकारीलाई नगद २५ हजार रुपैयाँ पनि प्रदान गरिएको छ।

अधिकारीको सम्मानका लागि गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति प्रा.डा. कुसुमाकर न्यौपाने, सदस्य-सचिव मनकुमार श्रेष्ठ, म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, आदिकवि भानुभक्त क्याम्पसका क्याम्पस प्रमुख महाप्रसाद हड्खलेलगायत साहित्य तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू सहभागी भएका थिए। गाउँपालिकाका अध्यक्ष श्रेष्ठले दोसल्ला, प्रतिष्ठानका कुलपति प्रा.डा. न्यौपानेले सम्मानपत्र तथा सदस्य-सचिव श्रेष्ठले नगद रकम हस्तान्तरण गरे।

कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष श्रेष्ठले जीवनभर निःस्वार्थ भावले समाज रूपान्तरणका लागि कलम चलाएका स्रष्टा अधिकारी स्वास्थ्य समस्यासँग संघर्ष गरिरहेको अवस्थामा प्रतिष्ठानले घरमै पुगेर सम्मान गर्नु प्रशंसनीय कार्य भएको बताए। उनले यस्तो सम्मानले आफूहरूलाई पनि नयाँ सिकाइ र प्रेरणा दिएको उल्लेख गरे। प्रतिष्ठानका कुलपति प्रा.डा. न्यौपानेले अधिकारी द्रुतगतिमा कलम चलाउन सक्ने सिर्जनशील क्षमता भएका स्रष्टा रहेको बताए। जीवनभर लोभ-लालचमा नफसी आफ्नो कर्मप्रति अडिग रहेकै कारण प्रतिष्ठान उहाँको आँगनसम्म आइपुगेको उनको भनाइ थियो।

"तपाईंले नेपाली साहित्यको श्रीवृद्धिमा महत्वपूर्ण योगदान दिनुभएको छ। तपाईंहरूजस्ता कर्मठ सृजनाकारकै साधना र योगदानले हामीलाई थप ऊर्जा र प्रेरणा मिलेको छ," कुलपति न्यौपानेले भने। सम्मानित स्रष्टा अधिकारीका साहित्यिक सिर्जनाहरू साहित्यकार भवानी अधिकारी तथा व्यास प्रज्ञा-प्रतिष्ठानका सदस्य नारायणी अधिकारीले प्रस्तुत गरेका थिए।

सम्मान कार्यक्रममा गण्डकी प्रज्ञा-प्रतिष्ठानका प्राज्ञहरू प्रा.डा. ईश्वरचन्द्र वाग्ले, बाबुराम बस्ताकोटी, टुकादेवी आचार्य, भूपेन बानियाँ, व्यास प्रज्ञा-प्रतिष्ठानका उपकुलपति काशीनाथ न्यौपाने, प्राज्ञहरू हरि सिंह गुरुङ, देवी बस्नेत, नारायणी अधिकारी तथा म्याग्दे साहित्य समाजका अध्यक्ष नारायण खनाललगायतको सहभागिता रहेको प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले जानकारी दिए। कार्यक्रमको सञ्चालन प्राज्ञ शान्ता बास्तोलाले गरेका थिए।

# बाढीपीडितलाई बैदाम तामाङ समाजको २ लाख सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं

रसुवा, धादिङ, नुवाकोट, गोरखालगायत जिल्लामा आएको भीषण बाढीबाट प्रभावित परिवारको राहत तथा सहयोगका लागि बैदाम तामाङ सेवा समाजले प्रधानमन्त्री राहत कोषमा २ लाख १८ हजार ४ सय १६ सहयोग गरेको छ।

विपद्को कठिन समयमा प्रभावित परिवारको साथमा उभिने उद्देश्यले समाजले उक्त रकम राहत कोषमा सहयोग गरेको जनाएको छ। समाजका अनुसार यो सहयोग पीडित परिवारप्रतिको माया, साथ र मानवीय संवेदनाको अभिव्यक्ति हो।

समाजका अध्यक्ष ज्याक तामाङका अनुसार भदौ २३ गते बिहान ६ बजे पोखराको सेदी डाँडामा विशेष पूजा तथा प्रार्थना कार्यक्रम आयोजना गरिने भएको छ। भोटेकोशीमा आएको बाढी तथा फेवा तालमा भएको दुर्घटनामा ज्यान गुमाएका व्यक्तिहरूको चिरशान्तिको कामना, बेपत्ता नागरिकहरूको सकुशल उद्धार तथा पीडित परिवारजनलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने उद्देश्यले पूजा तथा प्रार्थना गर्न लागिएको हो।

विशेष पूजामा 'ॐ मणि पद्मे हूँ' मन्त्रसहित दिवंगत आत्माको चिरशान्ति, बेपत्ता नागरिकको सकुशल उद्धार तथा पीडित परिवारको सुख, शान्ति र धैर्यका लागि प्रार्थना गरिने समाजले जनाएको छ।

समाजले कार्यक्रममा सम्पूर्ण शुभेच्छुक तथा सर्वसाधारणलाई सहभागी हुन आग्रह गरेको छ। विपद्को समयमा एकजुट भई पीडित परिवारको साथमा उभिन तथा मानवीय भावनालाई थप बलियो बनाउन कार्यक्रम आयोजना गरिएको समाजको भनाइ छ।

# हेभी इक्युप्मेन्ट अपरेटर संघ पोखराको अध्यक्षमा पुनः किशोर गौतम

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं



नेपाल हेभी इक्युप्मेन्ट अपरेटर संघ पोखराको अध्यक्षमा किशोर प्रसाद गौतम पुनः सर्वसम्मत निर्वाचित हुनुभएको छ।

संघको आइतबार अवेर सम्पन्न पाँचौं अधिवेशनले गौतमको अध्यक्षतामा नौ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो। कार्यसमितिको उपाध्यक्षमा अनन्तराज पौडेल, सचिवमा कृष्णप्रसाद पौडेल, कोषाध्यक्षमा विशाल पौडेल र सहसचिवमा अर्जन अधिकारी चयन हुनुभएको छ। सदस्यहरूमा विष्णुप्रसाद भण्डारी, राजकुमार पौडेल, महेश्वर आचार्य र विश्वास अधिकारी रहनुभएको छ। निर्वाचन समितिको संयोजकमा सुशीलकुमार वाग्ले तथा सदस्यमा उमनाथ आचार्य र विष्णु अधिकारी रहनुभएको थियो। यसअघि अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशसभा सदस्य एवं नेपाली कांग्रेसका प्रमुख सचेतक प्रकाश बरालले हेभी इक्युप्मेन्ट अपरेटरहरूले देश निर्माणमा महत्वपूर्ण योगदान गरे पनि उनीहरूको काम र योगदानको उचित कदर हुन नसकेको बताउनुभयो। "यो जनशक्तिले ठूलो जोखिम मोलेर सुरुङ र हाइड्रोपावरजस्ता क्षेत्रमा काम गर्दै आएको छ। देश निर्माणका यी जनशक्तिलाई राज्यले उचित रूपमा उपयोग गर्न सकेको छैन। तपाईंहरूलाई राज्यले सम्मान गर्नुपर्छ।" सांसद बरालले भन्नुभयो। जिल्ला दररेटअनुसार अपरेटरहरूको पारिश्रमिक अत्यन्त कम रहेको उल्लेख गर्दै उहाँले पारिश्रमिकको पुनरावलोकन तथा समयसापेक्ष वृद्धि गर्न सरकार र सदनमा आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपाल हेभी इक्युप्मेन्ट राष्ट्रिय स्वतन्त्र अपरेटर संघका अध्यक्ष सन्तोषकुमार श्रेष्ठले अपरेटरहरूले अग्ला पहाडसँग सिँगौरी खेल्दै देश निर्माणमा योगदान पुऱ्याइरहेको बताउनुभयो। उहाँले अपरेटरहरूको कम्तीमा रु ३० लाखको बीमा तथा सामाजिक सुरक्षा कोषमा आबद्धताका लागि सरकारसँग माग राखेर आफूहरू संघर्षरत रहेको बताउनुभयो। श्रेष्ठले काम सुरु गर्नुअघि स्पष्ट सम्झौता गरेर मात्र काममा जान अपरेटरहरूलाई आग्रह गर्नुभयो।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले व्यक्तिको जीवनभन्दा ठूलो कुनै काम नहुने बताउँदै जोखिमपूर्ण र अप्ठ्यारो भूगोलमा काम गर्ने अपरेटरहरूले सुरक्षाका सामग्री अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो। "काम गर्दा तपाईंहरूले पहिलो प्राथमिकता आफ्नो ज्यानलाई दिनुहोला। व्यवसायीले पनि जोखिम मूल्याङ्कन गरेर मात्र अपरेटरलाई काममा लगाउनुपर्छ। कानुनी सल्लाह र सहयोगका साथै अपरेटरको हितका लागि प्रहरीले गर्न सक्ने सहयोगमा हामी तयार छौं।" उहाँले भन्नुभयो। उहाँले प्राकृतिक स्रोतको दोहन तथा ट्राफिक नियम उल्लङ्घनबाहेक अन्य विषयमा अपरेटरलाई अनावश्यक रूपमा कारबाही नगरिने पनि उल्लेख गर्नुभयो। संघका पूर्वअध्यक्ष एवं सल्लाहकार सुशीलकुमार वाग्लेले पेशालाई मर्यादित र सम्मानित बनाउन नसके आगामी पाँचदेखि सात वर्षभित्र हेभी उपकरण तथा सवारीसाधन चलाउने दक्ष अपरेटरको अभाव हुने बताउनुभयो। "यो पेशालाई मर्यादित र सम्मानित बनाउँदै युवा पुस्ताको आकर्षण बढाउनु अहिलेको मुख्य काम हो।" उहाँले भन्नुभयो। संघका निवर्तमान अध्यक्ष एवं सल्लाहकार प्रेमबहादुर थापाले अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई समेत सामाजिक सुरक्षा कोषमा समेट्न सरकारसँग माग गर्नुभयो।

कार्यक्रममा कास्की हेभी इक्युप्मेन्ट व्यवसायी संघका सचिव भीम केसी, एमएमडब्लु पोखरा कार्यालयका प्रमुख कृष्णप्रसाद तिवारी, संघका संस्थापक कोषाध्यक्ष उमनाथ आचार्य, म्याग्दी अपरेटर संघका सचिव मानबहादुर, संघका उपाध्यक्ष एवं कार्यक्रम संयोजक श्याम सुवेदी लगायतले धारणा राख्नुभएको थियो।

संघका अध्यक्ष किशोर प्रसाद गौतमको अध्यक्षतामा भएको उद्घाटन समारोहको सञ्चालन सचिव कृष्णप्रसाद पौडेलले गर्नुभएको थियो। सोही अवसरमा संघले प्रकाशन गरेको 'एक दशक स्मारिका' समेत विमोचन गरिएको थियो। संघ स्थापना भएको एक दशक पूरा भएको अवसरमा संघका गतिविधि र विकासक्रम समेटेर स्मारिका प्रकाशन गरिएको अध्यक्ष गौतमले बताउनुभयो। कार्यक्रममा संघलाई सहयोग गर्ने सहयोगदाता, अग्रज अपरेटर, पूर्वअध्यक्ष तथा एसईई र कक्षा १२ मा सर्वोत्कृष्ट अंक ल्याई उत्तीर्ण भएका अपरेटरका छोराछोरीलाई समेत सम्मान गरिएको थियो।

# एन प्याब्सन कास्कीको अध्यक्षमा मनकाजी निर्विरोध

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं



नेसनल प्याब्सन, कास्कीको आइतबार सम्पन्न नवौं जिल्ला अधिवेशन एवम् १८ औं वार्षिक साधारण सभाले मनकाजी गुरुङको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको छ।

समितिको वरिष्ठ उपाध्यक्षमा प्रेमराज अधिकारी, उपाध्यक्षमा राजु केसी, सचिवमा शिवराज पौडेल, कोषाध्यक्षमा राजु कायस्थ, सहसचिवमा रमेशराज पौडेल, सहकोषाध्यक्षमा अर्जुनप्रसाद अधिकारी निर्विरोध निर्वाचित भएका छन्। त्यसैगरी समितिको सदस्यहरुमा अर्जुनप्रसाद पाण्डे, ज्ञानेन्द्रबहादुर थापा, तोलाकान्त न्यौपाने, दिपु भारी, रुद्रप्रसाद अधिकारी, देव क्षेत्री, माधव शरण पौडेल निर्विरोध निर्वाचित भएका छन्।

त्यस्तै सोमनाथ पौडेल पदेन सदस्य (माछापुच्छ्रे गाउँपालिका) र हेम रानाभाटलाई सदस्यमा मनोनित गरिएको छ। यसअघि कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेश सरकार समाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङले प्रदेश सरकारले प्रविधि मैत्री र सीपमुलक व्यवसायीक शिक्षालाई प्रमुख प्राथामिकतामा राखेको बताईन्। 'युग सापेक्षीत शिक्षामा हामी अगाडि बढ्न सकेनौ भने शिक्षामा हामीले चाहेको प्रगति गर्न सक्दैनौं' उनले भनिन्, 'यसका लागि शिक्षा क्षेत्रमा काम गर्ने हामी सबैको एकता, सहकार्य र समन्वयको जरुरी छ।'

उनले संस्थागत विद्यालयका समस्यहरु समाधन गर्नका लागि प्रदेश सरकारको ढोका सधै खुल्ला रहेको जानकारी दिईन्। 'शिक्षा क्षेत्रको गुणस्तर बृद्धि गर्ने काममा संस्थागत विद्यालयको योगदानलाई नकार्न सकिदैन' उनले भनिन्, 'संस्थागत विद्यालयका समस्याहरुलाई सहजिकरण गर्नका लागि संस्थागत विद्यालयलाई प्रदेश सरकारको ढोका सधै खुल्ला रहनेछ।' नेसनल प्याब्सनका केन्द्रीय अध्यक्ष सुवाष न्यौपानेले संस्थागत विद्यालयको सहभागिता विनाको शिक्षा परिकल्पना समेत गर्न नसकिने स्पष्ट पारे। 'पछिल्लो तथ्याङ्ले पनि शैक्षिक क्षेत्रमा ३८ प्रतिशत योगदान संस्थागत विद्यालयको रहेको देखिएको छ' उनले भने,' शिक्षामा यति ठूलो क्षेत्र ओगटेको संस्थागत विद्यालयलाई बाइपास गरेर ऐन नियमहरु ल्याउन खोजिएमा हामीलाई किमार्थ स्विकार्य हुनेछैन्।' कार्यक्रममा गण्डकी प्रदेश सरकार प्रेस रजिष्ट्रार कार्यलय गण्डकीकी प्रेस रजिष्ट्रार विमला भण्डारीले प्रविधिसँग जोडेर अवको शिक्षालाई अगाडि बढाउनु पर्ने बताईन्। गण्डकी प्रदेश सरकार समाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय शिक्षा विकास महाशाखाका निर्देशक घनश्याम पौडेलले संस्थागत र सामुदायिक विद्यालयले गरेका असल अभ्यासहरुलाई एक आपसमा साटसाट गर्न सके शिक्षामा फड्को मार्न सकिने बताए। राष्ट्रिय परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय, गण्डकी प्रदेशका प्रमुख सुबाश पन्तले नेपाल सरकारले जारी गरेको पाठ्यक्रममा निर्धारित भएर कक्षा सिकाई गराउन सकेमा परीक्षामा विद्यार्थीलाई समस्या नआउने उल्लेख गरे। कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, पोखरा महानगरपालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्य, गण्डकी प्रज्ञा प्रतिषठनकी कुलपति प्राज्ञ सरस्वती प्रतिक्षा, प्राज्ञ सभा सदस्य प्रेमराज अधिकारीलाई बधाइ ज्ञापन गर्दै दोसल्ला ओढाई सम्मान पत्रले सम्मान गरिएको थियो। कार्यक्रममा नेसनल प्याब्सन कास्कीका सचिव प्रेमराज अधिकारी, कोषाध्यक्ष राजु केसी र लेखा समिति संयोजक दिपु भारीले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा पोखरा प्रज्ञा प्रतिष्ठानकी कुलपति प्राज्ञ सरस्वती प्रतिक्षा, प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतम, राष्ट्रिय ओलम्पिक एकेडेमीका अध्यक्ष तथा प्रदेश खेलकुद परिषद गण्डकी प्रदेशका पूर्व सदस्य सचिव तेज बहादुर गुरुङ, प्याब्स्युका केन्द्रीय अध्यक्ष शिबलाल उपाध्याय, नेपल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ गण्डकी प्रदेशका सचिव सुरेन्द्र बास्तोला, पोखरा चेम्बर अफ कमर्स कास्कीका अध्यक्ष उमराज बास्तोलाले बोलेका एन प्याब्सनका हरेक गतिविधि उत्कृष्ट रहेको बताएका थिए।

नेसनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मनकाजी गुरुङले स्वागत र सचिव प्रेमराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।

# भोटेकोशी बाढीमा ३४ देशका ५८७ विदेशी पर्यटक बेपत्ता

रासस
काठमाडौं, २२ भदौं

रसुवाको भोटेकोशीमा गएको बाढीमा परेर ३४ देशका ५८७ विदेशी पर्यटक बेपत्ता भएका छन्।

पर्यटन विभागले दिएको जानकारीअनुसार यही भदौ १० गते भोटेकोशीमा गएको बाढीमा परेर ३४ देशका ५८७ विदेशी पर्यटक बेपत्ता भएका हुन्। पर्यटन विभागका सूचना अधिकारी सुरज घिमिरेले विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका पर्यटक बेपत्ता भएको जानकारी दिनुभयो। बेपत्ता भएका विदेशी पर्यटकमध्ये २५६ पुरुष, ३२९ महिला र दुई अन्य रहेका छन्। बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतका रहेका छन्। विभागले दिएको जानकारीअनुसार भारतका १८४ नागरिक बेपत्ता भएका छन्। यसबाहेक अष्ट्रेलियाका ३३, बेलारुसका दुई, क्यानडाका ३०, फिनल्यान्डका एक, फ्रान्सका चार, जर्मनीका आठ, हङ्गेरीका एक, आइरिसका दुई, इजरायलका एक, लिथ्वानियाका एक, मलेसियाका ५५ र नेदरल्यान्डका दुईजना बेपत्ता भएका छन्। यस्तै, न्युजिल्यान्डका पाँच, पोर्चुगलका दुई, रसियाका आठ, सिङ्गापुरका नौ, दक्षिण अफ्रिकाका छ, स्पेनका दुई, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६७, जापानका पाँच, फिलिपिन्सका एक, काजकिस्तानका तीन, बेल्जियमका दुई, स्विडेनका एक जना बेपत्ता भएका छन्। यसैगरी, लाटभियाका ३३, स्विजरल्यान्डका एक, इटलीका दुई, चीनका २६, भियतनामका एक, इस्टोनियाका एक र पोल्यान्डका दुई पर्यटक बेपत्ता भएका छन्।

उक्त बाढीमा परेर नेपालका १८८ पर्यटक बेपत्ता भएका छन्। विभागका अनुसार बेपत्ता हुनेमा १६१ पुरुष र २७ महिला रहेका छन्। बेपत्ता हुनेमा विदेशी पर्यटकको सहयोगीका रूपमा गएका र कैलाश मानसरोवर तथा गोसाइँकुण्ड घुम्न गएका नेपाली रहेको विभागका सूचना अधिकारी घिमिरेले बताउनुभयो। सरकारले विपद्का बीच उद्धार कार्य पनि जारी राखेको छ। हालसम्म ३०७ विदेशी पर्यटकको सफल उद्धार गरिएको विभागले जनाएको छ। उद्धार भएकामध्ये २५४ पुरुष र ५३ महिला रहेका छन्। यसैगरी, बाढीपछि सम्पर्कविहीन भएकामध्ये सात जना (दुई पुरुष, चार महिला र एक अन्य) हाल सम्पर्कमा आएका छन्। स्थानीय प्रशासन र सुरक्षा निकायले बेपत्ता भएकाको खोजी र राहत कार्यलाई तीव्रता दिएका छन्।

## भोटेकोशी ...

१९७, धादिङमा ७०, गोरखामा ७५, तनहुँमा ३८, चितवनमा ३६३, नवलपरासी पूर्वमा २२३ र नवलपरासी पश्चिममा २२१ जनाको शव फेला परेको छ। हालसम्म ९८ वटा शव सनाखत भई परिवारले बुझेकी प्रवक्ता शान्ति महतले जानकारी दिनुभयो। सनाखत हुन बाँकी रहेका शवका लागि डिएनए परीक्षण गर्नुपर्ने भन्दै सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा दुई वटा फोटो र नाता प्रमाणितसहित नमूना दिन सकिने उहाँले बताउनुभयो। बाढी प्रभावित क्षेत्रमा हालसम्म १३ हजार ३९६ जनाको उद्धार गरिएको छ। प्राधिकरणका प्रवक्ता महतका अनुसार चार हजार ९९४ जना अझै सम्पर्कविहीन रहेका छन्। तीमध्ये सबैभन्दा बढी नुवाकोटबाट दुई हजार ३४० र रसुवा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त अद्यावधिक विवरणअनुसार एक हजार ९६७ जना रहेका छन्। सम्पर्कविहीन हुनेको सङ्ख्या ठूलो रहेकाले खोजी तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाइएको प्राधिकरणले जनाएको छ। बाढीपछि घाइते तथा प्रभावित गरी हालसम्म छ हजार ६७६ जनाले उपचार सेवा लिएका छन्।

विस्थापित तथा प्रभावित नागरिकलाई सुरक्षित स्थानमा राख्दै उहाँहरूको आधारभूत आवश्यकता पूरा गर्न राज्यका विभिन्न निकायले राहत तथा व्यवस्थापनको काम अघि बढाइरहेका प्राधिकरणले जनाएको छ। भोटेकोशी नदीमा आएको बाढीले एकैपटक ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएपछि सुरक्षा निकाय, स्थानीय तह तथा विभिन्न सरकारी र गैरसरकारी निकाय खोजी, उद्धार, उपचार र राहत व्यवस्थापनमा निरन्तर सक्रिय छन्।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# विपदमा सबै एक हुन राष्ट्रपतिको आव्हान

राष्ट्रपति रामचन्द्र पौडेलले गत भदौ १० गतेको विनाशकारी बाढी र पहिरोपछि उत्पन्न कठिन परिस्थितिमा सम्पूर्ण राजनीतिक दल र नागरिकहरूलाई एकताबद्ध हुन आह्वान गरेका छन् । सोमबार राष्ट्रको नाममा सम्बोधन गर्दै राष्ट्रपति पौडेलले यो समय दोषारोपण वा राजनीतिक विवादमा अल्झिने नभई राष्ट्रिय एकता र ऐक्यबद्धता प्रदर्शन गर्ने समय भएको बताए । राष्ट्रपति पौडेलले हिमनदीको बरफ र चट्टानसहितको हिमपहिरोका कारण आएको बाढीलाई कहालीलाग्दो प्राकृतिक प्रकोपको संज्ञा दिए ।

सरकारले भदौ २२ गतेलाई शोक दिवस मनाउने निर्णय गरेपछि राष्ट्रपतिको सम्बोधन आउनु सकारात्मक हो। यस विपत्तिले असत्ऱ्य मानव जीवन, घरपरिवार, सडक, पुल र जलविद्युत् आयोजनालगायत राष्ट्रका महत्त्वपूर्ण पूर्वाधारमा अकल्पनीय क्षति पुऱ्याएकोमा उनले गहिरो शोक व्यक्त गरे । मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनले शोकसन्तप्त परिवारमा समवेदना प्रकट गरे । आफ्नो ज्यानको प्रवाह नगरी उद्धारमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी र स्वयंसेवकहरूको साहसको प्रशंसा गर्दै राष्ट्रपतिले उनीहरूको सेवाभावले नेपालको उत्कृष्ट मानवीय चरित्र झल्काएको बताए । उद्धार र राहतका काममा भएको ढिलाइले सरकार आलोचित बनेको छ । अन्तर्राष्ट्रिय समुदायलाई शुरुमै उद्धारका लागि नबोलाउँदा सरकारप्रति पीडित परिवारको आक्रोश ठानेर चल्नुपर्छ । कठिन भौगोलिक अवस्थाका बाबजुद बेपत्ता नागरिकहरूको खोजी र उद्धार कार्यलाई निरन्तरता दिन उनले सरकारको ध्यानाकर्षण गराए ।

प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभामा बोलेको विषयले पीडितका परिवार र आफन्तको गुनासो गर्ने अवस्थाले गर्दा सरकारप्रतिको आक्रोश कम भएको छ । विपत्तिमा परी ज्यान गुमाउने विदेशी नागरिकहरूप्रति पनि राष्ट्रपतिले शोक व्यक्त गरे । नेपालले आफ्नो भूमिमा रहेका हरेक व्यक्तिलाई परिवारकै सदस्य मान्ने उल्लेख गर्दै उनले प्रभावित देशका सरकार र कूटनीतिक नियोगहरूसँग सहकार्य गर्ने बताए । साथै, छिमेकी मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय समुदायले खोज, उद्धार र प्राविधिक सहयोग उपलब्ध गराएकोमा उनले हार्दिक कृतज्ञता व्यक्त गरे ।

राष्ट्रपति पौडेलले विस्थापित नागरिकका लागि खाद्यान्न, स्वच्छ खानेपानी, औषधोपचार र सुरक्षित आश्रयस्थल सुनिश्चित गर्न सरकारलाई आग्रह गरे । बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गर्भवती महिलाहरूको संरक्षणमा विशेष ध्यान दिन उनले जोड दिए । मृतकहरूको पहिचानका लागि डीएनए नमुना सङ्कलन लगायतका वैज्ञानिक पद्धति अपनाउन समेत उनले सुझाव दिए। हिमनदी फुट्नु र हिमपहिरो जानुलाई विश्वव्यापी तापक्रम वृद्धिको परिणामसँग जोड्दै राष्ट्रपतिले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराए । 'यस विपत्तिले हाम्रो हिमाली पर्यावरणको नाजुक अवस्था दर्साएको छ,' उनले भने, 'म अन्तर्राष्ट्रिय समुदायलाई नेपालजस्ता देशहरूका लागि जलवायु न्याय सुनिश्चित गर्न ठोस कदम चाल्न आह्वान गर्दछु ।' राष्ट्रपतिले पुनर्निर्माण र पुनर्स्थापनाको प्रक्रियामा जाँदा नेपालको साविकको विकास मोडेलमाथि पुनर्विचार गर्न आवश्यक रहेको औँल्याए । विगतका भूकम्प र महामारीजस्तै यसपटक पनि नेपाली जनताले धैर्य र साहसका साथ परिस्थितिको सामना गर्ने विश्वास व्यक्त गर्दै उनले राष्ट्रिय पुनरुत्थानका लागि सबैलाई सँगै उभिन आग्रह गरे। सबैलाई एकैठाउँमा बस्न सक्ने वातावरण बनाउन पहल अपेक्षित मान्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# लामाचौर नेवाः खलद्वारा ५५ हजार ५५५ रुपैयाँ सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं

लामाचौर नेवाः खलः गुठी कास्कीले रसुवा भोटेकोशी बाढीपीडितको सहयोगार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग गरेको छ ।

गुठीले आफ्ना ४० घरधुरी सदस्यहरूबाट संकलित ५५ हजार ५५५ रुपैयाँ कोषको हिमालयन बैंकमा रहेको खातामा सोमबार जम्मा गरेको गुठीका अध्यक्ष भीमबहादुर श्रेष्ठले जानकारी दिए । गत भदौ १० गते रसुवा भोटेकोशीमा आएको बाढीका कारण सयौं मानिसको ज्यान गएको, हजारौं प्रभावित तथा बेपत्ता र ठूलो मात्रामा भौतिक क्षति पुगेपछि देश नै शोकमा रहेका बेला सामाजिक उत्तरदायित्वस्वरुप गुठीले सहयोग गरेको हो । परम्परा र संस्कृतिको संरक्षणसँगै विपद्को समयमा मानवीय सहयोग र सामाजिक उत्तरदायित्व निर्वाह गर्नु समुदायको महत्वपूर्ण दायित्व भएको जनाउँदै गुठीले आगामी दिनमा समेत सामाजिक तथा मानवीय कार्यमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । बाढीका कारण रसुवा, धादिङ, नुवाकोटलगायत विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै गुठीले दिवंगतप्रति भावपूर्व श्रद्धाञ्जलीसहित पीडित परिवारमा गहिरो समवेदना प्रकट गरेको छ । साथै, घाइतेको शीघ्र स्वास्थ्य लाभको कामनासहित बेपत्ताको खोजीमा सबैजना जुट्न आग्रह गरेको छ । 'परम्पराको सम्मान, सभ्य समाजको पहिचान' भन्ने मूलनाराका साथ पोखरा महानगरपालिकाको प्रवर्द्धनमा, नेवाः खलः कास्कीको आह्वानमा लामाचौर नेवाः खलः गुठीले पोखरामा २७ औं तायाः मचा नृत्य प्रतियोगिता गर्दैछ । भदौ २० मा तय भएको उक्त प्रतियोगिता देशमा परेको विपत्ति र असहज परिस्थिति कारण मिति परिवर्तन गरिएको गुठीका सचिब योगेन्द्र श्रेष्ठले बताए । लामाचौर मिसः पुचः र लामाचौर ल्याम्ह पुचःको सहआयोजनामा हुने सो प्रतियोगिता अब असोज ३ गते शनिबार लामाचौरमा हुने मूल समारोह समिति संयोजक सुशीलकुमार श्रेष्ठले बताए । गुठीले प्रतियोगिता मिति परिवर्तन भएको जानकारी गराउँदै सम्पूर्ण सहभागी, शुभेच्छुक तथा सम्बन्धित सबैमा असोज ३ गते उपस्थित हुन अनुरोधसमेत गरेको छ ।

# तनहुँमा 'डिएनए' नमूना उपलब्ध गराउन आग्रह

पोखरापत्र संवाददाता
दमौली, २२ भदौं

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा बेपत्ता भएका व्यक्तिको पहिचानका लागि 'डिएनए' नमूना सङ्कलन गर्न तनहुँ प्रहरीले बेपत्ताका आफन्तलाई सम्पर्कमा आउन आग्रह गरेको छ ।

जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले बाढीमा बेपत्ता भएका व्यक्तिका आफन्तलाई आवश्यक 'डिएनए' नमूना उपलब्ध गराउन आग्रह गरिएको जानकारी दिनुभयो । हालसम्म बेपत्ता व्यक्तिकोपहिचानकालागि कसैले 'डिएनए' नमूना नदिएको उहा'ले बताउनुभयो । बाढीले बगाएका शवमध्ये तनहुँ जिल्लाका आँबुखैरेनी र देवघाटस्थित त्रिशुली नदीबाट हालसम्म ३९ शव फेला परेका छन् । तीमध्ये २४ शव पोखरा पठाइएको थियो भने १५ शव व्यास नगरपालिका-५ चनौली क्षेत्रमा व्यवस्थापन गरिएको छ । यसैबीच, तनहुँ घर भएका ३३ जना व्यक्ति बाढीपछि सम्पर्कविहीन भएको विवरण प्राप्त भएकामा हालसम्म नौ जना सम्पर्कमा आएका छन् । बाँकी व्यक्तिको खोजी तथा पहिचानका लागि प्रहरी र सम्बन्धित निकायले काम गरिरहेको प्रहरीले जनाएको छ ।

# त्रिशूली नदीमा शव खोज्दै तनहुँ प्रहरी

पोखरापत्र संवाददाता
दमौली, २२ भदौं

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि त्रिशूली नदीमा बगेर आएका शव तथा बेपत्ता व्यक्तिको खोजीका लागि जिल्ला प्रहरी कार्यालय तनहुँले खोज तथा उद्धारलाई तीव्रता दिएको छ । बाढीपछि तनहुँको आँबुखैरेनी र देवघाट क्षेत्रमा त्रिशूली नदी किनारमा ३९ शव फेला परिसकेका छन् ।

खोज तथा उद्धारलाई थप प्रभावकारी बनाउन गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराबाट तालिमप्राप्त कुकुरसहितको प्रहरी टोली तनहुँमा परिचालन गरिएको छ । जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय आँबुखैरेनी, बन्दीपुर, देवघाट, साराङघाट तथा अस्थायी प्रहरी पोस्ट मुग्लिङ पुलको प्रहरी टोलीसमेत संयुक्त रूपमा खोजी कार्यमा खटिएका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेको नेतृत्वमा प्रहरी टोली परिचालन गरिएको छ । टोलीले आँबुखैरेनी गाउँपालिका-४ र ५ तथा देवघाट गाउँपालिका-४ र ५ अन्तर्गत पर्ने मुग्लिङ पुलदेखि देवघाटसम्मको त्रिशूली नदी किनार क्षेत्रमा खोज तथा उद्धार गरिरहेको छ । रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि त्रिशूली नदीमा बगेर आएका ३९ शव तनहुँका विभिन्न क्षेत्रमा फेला परेका प्रहरीले जनाएको छ । तीमध्ये २४ शव पोखरा पठाइएको थियो भने १५ व्यास नगरपालिका-५ चैनपुर क्षेत्रमा अस्थायी रूपमा व्यवस्थापन गरिसकिएको प्रहरी नायब उपरीक्षक घिमिरेले जानकारी दिनुभयो । नदीमा बाढीको बहाव उच्च रहनाका साथै नदी किनारका कतिपय स्थान भौगोलिक रूपमा जोखिमपूर्ण रहेकाले खोजी कार्य चुनौतीपूर्ण बनेको प्रहरीको भनाइ छ । तालिमप्राप्त कुकुरसहितको टोली परिचालन भएपछि नदी किनार, झाडी तथा अन्य सम्भावित स्थानमा बेपत्ता व्यक्तिको खोजीलाई थप प्रभावकारी बनाउने प्रयास गरिएको प्रनाउ घिमिरेले बताउनुभयो ।

प्रहरीले मुग्लिङ पुलबाट देवघाटसम्मको त्रिशूली नदी किनारलाई प्राथमिक क्षेत्रमा राखेर खोजी गरिरहेको छ । आँबुखैरेनी गाउँपालिकाका वडा नम्बर ४ र ५ तथा देवघाट गाउँपालिकाका वडा नम्बर ४ र ५ अन्तर्गतका नदी किनारमा प्रहरी टोलीले सम्भावित स्थान पहिचान गरी खोजी गरिरहेको जनाइएको छ ।

# बाढीमा ज्यान गुमाएकाहरूको सम्झनामा सामूहिक श्रद्धाञ्जलीसभा

पोखरापत्र संवाददाता
गोरखा, २२ भदौं

यही भदौ १० गते भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीमा परेर ज्यान गुमाएकाहरूको सम्झनामा सामूहिक श्रद्धाञ्जलीसभा आयोजना गरिएको छ ।

उक्त बाढीमा परी ज्यान गुमाएका गोरखाको पालुङटार नगरपालिकाका ३३ जनासहितको सम्झनामा सामूहिक श्रद्धाञ्जलीसभा भएको हो । सरकारले आजका लागि राष्ट्रिय शोक घोषणा गरिसकेकाले पालुङटारमा पनि बाढीमा ज्यान गुमाएका पालिकावासीसहित मुलुकभरका नागरिकको सम्झनामा श्रद्धाञ्जलीसभा आयोजना गरिएको हो । भोटेकोशी बाढीमा परेर पालुङटार नगरपालिकाभित्रका ३७ जना बेपत्ता भएका थिए । रसुवाको गोसाइँकुण्ड तीर्थ गएका ३० र अन्य सात जना बेपत्ता परेका हुन् । तीमध्ये हालसम्म पाँच जनाको शव फेला परेको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार २४ जनाको भने कुशको शव बनाएर दाहसंस्कार गरिएको छ । एक जनाको भने दाहसंस्कार गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । "तीर्थ गएकाहरूबाहेक विभिन्न प्रयोजनका लागि त्यहाँ पुगेका सात जना पनि बेपत्ता छन् । चार जनाको कुशको शव बनाएर अन्त्यष्टि गरिसकियो । अन्यको खोजी भइरहेको छ", सहायक प्रजिअ शर्माले भन्नुभयो । यसैबीच, गण्डकी प्रदेश सरकारले बाढीमा परी ज्यान गुमाएका वा बेपत्ता भएकाहरूको परिवारलाई प्रतिपरिवार रु एक लाख, किरिया खर्चबापत थप रु २५ हजार र बाढीमा परी घाइते भएकाले उपचार खर्चबापत रु ५० हजार उपलब्ध गराउने निर्णय भएको सहायक प्रजिअ शर्माले जानकारी दिनुभयो । पालुङटार नगरपालिकाले भने तत्काल बैठक बसेर प्रदेश सरकारको राहतसँग नबाझिने गरी बाढीमा आफन्त गुमाएका परिवारलाई छुट्टै राहत उपलब्ध गराउने नगरप्रमुख विवश चिन्तनले बताउनुभयो । जिल्ला समन्वय समितिका प्रमुख मोहनबहादुर थापा, गोरखा श्रेत्र नं २ का सांसद कबिन्द्र बुर्लाकोटी, गण्डकी प्रदेशका ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री फडिन्द्र देवकोटा, पालिकाका जनप्रतिनिधि र स्थानीयको सहभागितामा श्रद्धाञ्जलीसभा सम्पन्न थियो ।

# पहिरोले निसीखोलाका १२ परिवार विस्थापित

पोखरापत्र संवाददाता
बागलुङ, २२ भदौं

जिल्लाको निसीखोला गाउँपालिकामा अविरल वर्षासँगै आएको पहिरोका कारण १२ परिवार विस्थापित भएका छन् । पहिरोका कारण घर जोखिममा परेपछि विस्थापित भएकाहरू आफन्तकोमा आश्रय लिएर बसिरहेका छन् ।

निसीखोला-४ चिनारे र वडा नं ५ चेल्बाङका पहिरो प्रभावित १२ परिवारलाई सुरक्षित स्थानमा सारिएको छ भने आइतबार गाउँपालिकाले राहत प्रदान गरेको थियो । गाउँपालिकाले त्रिपाल तथा खाद्यान्न वितरण गरेको हो । वर्षायाममा उक्त क्षेत्रमा मोटरबाटो भासिएर पहिरो जानुका साथै कालोपहिराको ठाँडो खोलाबाट आउने लेदो तथा बाढीका कारण जोखिममा परेपछि प्रभावित परिवार आफ्नो घर छाडेर आफन्तजनकोमा आश्रय लिएर बस्न बाध्य छन् ।

पहिरोका कारण भूमिराज कँडेल, भानिश्वर कँडेल, शशिधर कँडेल, लाली कँडेल, तुलसिराम कँडेल, लिलाबहादुर कँडेल, रमिलाल कँडेल, पूर्णलाल कँडेल, ज्ञानबहादुर कँडेल, पुनलाल भुसाललगायतका १२ घर उच्च जोखिममा रहेका निसीखोला गाउँपालिकाका उपाध्यक्ष प्रेमबहादुर घर्तीले जानकारी दिनुभयो । उहाँका अनुसार अविरल वर्षापछि बस्तीभन्दा तलतर्फबाट निरन्तर पहिरो खसिरहेको छ । स्थानीयका घर तथा आसपासको जमिन भासिने र चर्किने गरेकाले गाउँ छोड्नुपर्ने बाध्यता रहेको स्थानीय भूमिराज कँडेलले बताउनुभयो । "गाउँमुनिबाट निरन्तर पहिरो खसिरहेको छ । पानी नपर्दा घरमै बसे पनि पानी पर्नासाथ बस्ती छोड्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "पहिरोका कारण आँगन र पाली चर्किएपछि अब घरमा बस्ने अवस्था नदेखेपछि छिमेकीकोमा आश्रय लिएका छौं ।" गाउँपालिकाका उपाध्यक्ष घर्तीका अनुसार लगातारको वर्षाका कारण पहिरो जाने क्रम बढ्दै गएको र खोलाबाट आउने लेदो तथा बाढीले थप जोखिम निम्त्याएको छ । पहिरो प्रभावित परिवारलाई राहत वितरण गर्न गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती, उपाध्यक्ष घर्ती, वडा नं ४ का वडाध्यक्ष टिकानिधि पौडेल, वडा नं ५ का वडाध्यक्ष हर्कमान घर्तीलगायत गाउँपालिकाको टोली प्रभावित क्षेत्रमा पुगेको थियो । टोलीले पीडित परिवारलाई अस्थायी बसोबासका लागि आवश्यक पर्ने सामग्री हस्तान्तरण गरेको हो ।

विपद्को समयमा प्रभावित परिवारलाई थोरै भए पनि राहत मिलोस् भन्ने उद्देश्यले गाउँपालिकाको तर्फबाट राहत सामग्री वितरण गरिएको उपाध्यक्ष घर्तीले बताउनुभयो । घरबास छाडेर आफन्तकोमा आश्रय लिन बाध्य भएका पीडित परिवारलाई गाउँपालिकाबाट प्राप्त सहयोगले तत्कालका लागि केही राहत मिलेको बताएका छन् । बस्तीमा पहिरो तथा बाढीको जोखिम कायमै रहेकाले सुरक्षित स्थानमा व्यवस्थापन तथा दीर्घकालीन समाधानका लागि पहल गर्नुपर्ने पहिरोपीडित पूर्णलाल कँडेलले गुनासो गर्नुभयो ।


## गुल्मी हाईड्रो प्रा. लि. को वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८३/०५/१९ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार तपशिल बमोजिमको **मिति, समय र स्थान**मा निम्न विषयसूचीमा छलफल गर्ने गरी कम्पनीको **वार्षिक साधारण सभा** बस्ने निर्णय भएकोले सम्पूर्ण शेयरधनीहरुको उपस्थितीको लागि एवम् सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

**मितिः** २०८३/०६/१३ गते मगंलबार
**समयः** विहान १०:०० बजे
**स्थानः** घर नं.३३, सडक नं.२२ गणतन्त्र टोल, मालेपाटन
पोखरा म.न.पा. वडा ५, कास्की ।

**साधारण सभामा छलफल हुने विषयसूची**

**क) साधारण प्रस्तावहरु**
१) आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
२) आ.व. २०८२/०८३ को बार्षिक प्रतिवेदन सम्बन्धमा ।
३) आ.व. २०८३/०८४ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु**
१) कम्पनीको जारी पूजी वृद्धी गर्नका लागि प्रवन्धपत्रको दफा ५ (ख) मा संशोधन सम्बन्धमा ।
२) कम्पनीको संचालक समितिको संख्या निर्धारण गर्नका लागि नियमावलीको दफा २८.२ मा संशोधन सम्बन्धमा ।

**ग) सञ्चालक समितिको निर्वाचन सम्बन्धमा ।**
**घ) विविध सम्बन्धमा ।**

सञ्चालक समिति
**गुल्मी हाईडी प्रा.लि.**
ईमेलः officepokharanp@gmail.com
फोन नं. ९८४६५१७६६६

# मुस्ताङमा सबै प्रजाति स्याउ टिपाइ खुल्ला

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २२ भदौं

मुस्ताङमा आजदेखि सबै प्रजातिका स्याउ टिप्न खुल्ला गरिएको छ । गत भदौ ८ गतेको जिल्लास्तरीय निर्णयअनुसार सोमबारदेखि ढिलो पाक्ने स्याउ उत्पादनको पोस्ट हार्भेस्ट खुल्ला गरिएको हो ।

यसअघि मुस्ताङमा छिटो पाक्ने स्याउ भदौ १५ गतेदेखि टिपाइ गर्न पाइने निर्णय भएको थियो । आजदेखि ढिलो पाक्ने स्याउको बगैँचामा टिपाइ गर्न पाइने गरी खुल्ला गरिएको छ । मुस्ताङमा उत्पादन हुने स्याउमध्ये गाला, फुजी र साउने स्याउ छिटो पाक्ने प्रजातिअन्तर्गत पर्छन् । अन्य जातका स्याउ केही ढिलो पाक्ने सूचीअन्तर्गत पर्दछन् ।

मुस्ताङी स्याउको 'ब्रान्ड'लाई जोगाई राख्न जिल्लास्तरबाट स्याउ टिप्ने पाइने कार्यतालिका सार्वजनिक गरिएको हो ।

जिल्ला समन्वय समिति, मुस्ताङको अगुवाइमा सराकोरवाला कार्यालय र मुस्ताङका अगुवा कृषकहरु सम्मिलित जिल्लास्तरीय बैठकले छिटो पाक्ने स्याउ र ढिलो पाक्ने स्याउको टिपाइ गर्न पाइने समय कार्यतालिका निश्चित गरेका छन् ।

समिति प्रमुख माया गुरुङले आजदेखि मुस्ताङका सबै प्रजातिका स्याउ टिपाइ गर्न खुल्ला भएको जानकारी दिनुभयो । स्याउको गुणस्तर खस्किन नदिन, उत्पादन वृद्धि गर्न र स्याउमा पर्याप्त मात्रामा गुलियोपना कायम होस् भन्ने अभिप्रायले मुस्ताङमा जिल्लास्तरीय निर्णय गरी स्याउ टिप्ने कार्यतालिका बनाइएको हो । मुस्ताङमा आजदेखि सबै प्रजातिका स्याउ टिपाइ गर्न पाइने नियम खुल्ला भएसँगै मुस्ताङका स्याउ बगैँचामा धमाधम स्याउ टिपाइ गरी हार्भेस्टको काम भइरहेको छ । एक साताअघि मुस्ताङ आउनुभएका धादिङका स्याउ व्यापारी उर्चा तामाङले स्याउ टिपाइ खुल्ला भएका कारण आफूहरु मुस्ताङ आएको बताउनुभयो । विगत तीन दशकदेखि स्याउको ब्यापारी गर्दै आई रहनुभएका ब्यापारी तामाङले मुस्ताङबाट एक करोड मूल्य बराबरको स्याउ बजार पठाउने तयारी गरेको बताउनुभयो ।

व्यापारी तामाङ जस्तै जिल्लाभित्र र बाहिरका दर्जनौं सङ्ख्यामा ब्यापारी स्याउ खरिद गर्न किसानको बगैँचामा पुगिसकेका छन् । यस वर्ष कोरलानाकाबाट पनि चिनियाँ स्याउ भित्रिने सूचनाले स्याउ बिक्री नहुने पो हो कि भन्ने चिन्ता बढेको स्याउ व्यापारी तामाङले बताउनुभयो । मुस्ताङमा गत वर्ष रु एक अर्ब १० करोड २३ लाख ७० हजारको स्याउ उत्पादन भएको थियो । जसमध्ये ९० प्रतिशत स्याउ जिल्ला बाहिर निकासी हुँदा रु ९९ करोड जिल्लमा भित्रिएको थियो ।

कृषि तथा पशु विकास कार्यालयको गत वर्षको तथ्याङ्कअनुसार मुस्ताङका पाँच स्थानीय तहमा कुल ८९९ दशमलव १६ हेक्टरमा स्याउ खेती विस्तार भएको छ ।

कार्यालय प्रमुख डा. लालमणि अर्यालयका अनुसार स्याउ बिस्तार भएको क्षेत्रफलमध्ये ८३७ हेक्टर क्षेत्रफल स्थानीय र ६२ हेक्टर क्षेत्रफलमा उच्चघनत्वको (हाइब्रिड) स्याउ खेती गरिएको छ । यसैगरी, मुस्ताङमा गरिएको स्याउ खेतीमध्ये ६२७ हेक्टर क्षेत्रफलमा लगाइएको स्याउ बोटमा उत्पादन हुने गरेको छ । प्रमुख डा अर्यालयका अनुसार मुस्ताङमा ५७२ हेक्टरमा स्थानीय र ५५ हेक्टर क्षेत्रफलमा लगाइएको बोटले उत्पादन दिने गरेको छ ।

# दिवंगतलाई श्रद्धाञ्जली, पीडितलाई राहत

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भदौं

गण्डकी प्रदेशकै पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)ले भोटेकोशी बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ ।

बाढी आएको १३ औं दिन सोमबार साँझ युआरएलको मुख्य कार्यालय न्युरोड पोखरामा मैनबत्ती प्रज्वलन गरी शोक व्यक्त गरिएको हो । युआरएलले पीडितलाई सघाउन प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा २ लाख २२ हजार २ सय २२ रुपैयाँ जम्मा गरेको छ । युआरएलका प्रबन्ध निर्देशक गणेशप्रसाद कोइरालाले अकस्मात आइपरेको विपदका बेला ऐक्यबद्धता प्रकट गरिएको जनाए । 'महाविपद्मा ज्यान गुमाउनेहरूको खोजी चाँडै सकियोस्,' कोइरालाले भने, 'यो विपद्का बेला राहत, उद्धार र पुनर्स्थापनाको यात्रामा सानो सहयोग गर्ने जमर्को गरेका छौं ।' युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले स्थापनादेखि नै सामाजिक उत्तरदायित्व वहन गर्दै आएको युआरएल विपत्तिमा पनि सर्वसाधारणको साथमै रहेको उल्लेख गरे । यसैबीच, युआरएल र लुम्बिनी विकास बैंक लिमिटेडबीच सहकार्य गर्ने सम्झौता भएको छ । सम्झौताअन्तर्गत लुम्बिनीका खातावाला, डेबिट/क्रेडिट कार्डधारक, कर्मचारी एवं कर्मचारीका परिवारजनले प्रयोगशाला सेवामा विशेष छुट पाउने छन् ।

# महिलाको सक्रियतामा तरकारीखेती

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ भदौं

बागलुङ नगरपालिकाले ग्रामीण वडामा सञ्चालन गरेको 'आत्मनिर्भर बागलुङ' कार्यक्रमले स्थानीय महिला तरकारीखेतीमा अग्रसर भएका छन् ।

बागलुङ नगरपालिकाका विभिन्न वडामा सञ्चालित 'आत्मनिर्भर बागलुङ' कार्यक्रमअन्तर्गत महिलाले ११२ रोपनी जग्गामा प्लाष्टिक टनेल तथा खुला जग्गामा तरकारी उत्पादन गर्न थालेका छन् । उनीहरूले गत आर्थिक वर्षमा रु ३० लाखको तरकारी उत्पादन गरी बजारीकरण गर्न सफल भएका हुन् । बागलुङ नगरपालिका स्थानीय सङ्घसंस्थाको सहकार्यमा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रमअन्तर्गत महिला किसानले ६५ हजार ६६ किलो तरकारी उत्पादन गर्न सफल भएका हुन् । तरकारीको बिक्रीबाट रु ३० लाख पाँच हजार आम्दानी भएको परियोजनाका म्यानेजर ममिता पुनले जानकारी दिनुभयो । पुनका अनुसार बागलुङ नगरपालिकाका-५ देखि १४ नम्बर वडासम्मको ७१ वटा तरकारी महिला समूह गठन भएका छन् ।

समूहमा एक हजार ७४३ घरपरिवार आबद्ध छन् । "नगरपालिकाको आर्थिक सहयोगमा परियोजनाको मुख्य उद्देश्य विपन्न, दलित तथा जनजातिसहितका परिवारलाई स्वावलम्बी समूहमा आबद्ध गराई कृषि तथा पशुपालनमार्फत आयआर्जन बढाउनु रहेको छ", पुनले भन्नुभयो, "७१ महिला समूहले प्लाष्टिक टनेलमार्फत तरकारीखेतीका लागि अनुदान दिइएको हो, उनीहरूलाई बीउबिजनदेखि कृषि उपकरण सहयोग गरी बचत गर्ने बानीको विकास गरिएको छ।" परियोजनाले तरकारी उत्पादन तथा जलवायुमैत्री पशु व्यवस्थापन तालिम, प्लास्टिक पोखरी सहयोग, समूह व्यवस्थापन तथा सहकारी सुशासनसम्बन्धी तालिम, कृषि उपकरण तथा मिनिटेलर सहयोग गरिएको छ । यस्तै, मासु व्यवसायीलाई अभिमुखीकरण गरिएको छ । बानपा-१२ को ३० महिला परियोजनाअन्तर्गत तरकारीखेती, बाख्रापालनमा सहभागी भएको बागलुङ नगरपालिका-१२ तल्लो सराङ्गीका शर्मिला आचार्यले बताउनुभयो । परियोजनाअन्तर्गत हालसम्म ३६१ वटा बाख्रा तथा बोका वितरण गरिएको छ । जसमा ६१ वटा बीउबोका र ३०० वटा बीउपाठी रहेका छन् । किसानलाई वातावरणमैत्री खोर निर्माण, पशु बीमा, उन्नत बीउ, मल्चिङ प्लास्टिक तथा विभिन्न प्राविधिक तालिममा सहयोग गरिएको छ । परियोजनाअन्तर्गत पाँचवटा आधारशिला तालिममा १२८ जना, सातवटा जलवायुमैत्री पशु व्यवस्थापन तालिममा १४० जना र तरकारी उत्पादन तालिममा ५५ जना सहभागी भएका छन् ।

समूहमा आबद्ध किसानले बचत तथा ऋण परिचालनसमेत गर्न थालेका छन् । समूहको बचत रु १२ लाख ८४ हजार ३८७ पुगेको छ । रु ११ लाख ६१ हजार १३० ऋण लगानी भएको परियोजनाले जनाएको छ ।

उक्त ऋण मुख्यगरी कुखुराका चल्ला तथा दाना खरिद र किराना पसल सञ्चालनमा लगानी गरिएको छ । बागलुङ नगरपालिकाले आत्मनिर्भर बागलुङ कार्यक्रमलाई कृषि तथा पशुपालन क्षेत्रको उत्पादन वृद्धि, व्यावसायीकरण र किसानको आयआर्जनसँग जोडेर निरन्तरता दिइएको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो ।

# मुस्ताङको ठिनी गाउँमा प्रकृति पूजा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २२ भदौं

मुस्ताङको घरपझोङ गाउँपालिका-३ ठिनी गाउँमा स्थानीय थकाली समुदायले परम्परागत रूपमा मनाउने फालो पर्व आइतबारबाट सुरु भएको छ । हरेक वर्ष भदौ महिनामा मनाइने भएकाले स्थानीय थकाली भाषामा यस पर्वलाई 'फालो' भनिन्छ ।


थकाली समुदायको उद्गमस्थलका रूपमा परिचित ठिनी गाउँ ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । स्थानीयका अनुसार थकाली राजाले शासन गरेको यस गाउँमा पुस्तौँदेखि फालो पर्व मनाइँदै आएको छ । फालो पर्वका अवसरमा ठिनी गाउँमा दुई दिनसम्म विभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधि सञ्चालन हुन्छन् । पर्वको पूर्वसन्ध्यामा गाउँका लामाले प्रकृतिको विशेष पूजा गरेपछि स्थानीयवासीले उनीहरूबाट आशीर्वाद लिने परम्परा छ ।

प्रकृति पूजा गर्न जाने क्रममा स्थानीय महिलाले लामालाई खादासहित फूलमाला लगाएर सम्मानका साथ बिदाइ गर्ने परम्परा छ । स्थानीय लामा श्यामप्रसाद थकालीका अनुसार फालो पर्वमा हिमाललाई साक्षात् भगवानका रूपमा मानेर पूजा गरिन्छ । गाउँमा कुनै अनिष्ट नहोस्, रोगव्याधि नलागोस्, अन्नबाली सप्रियोस्, प्राकृतिक विपत्ति नआओस् र विश्वमा शान्ति छाओस् भन्ने कामनासहित प्रकृति पूजा गरिने उहाँले बताउनुभयो । पछिल्लो समय विपद्का घटना बढ्दै गएको र रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढीबाट ठूलो जनधनको क्षति भएको स्मरण गर्दै उहाँले यस्ता घटना नदोहोरिउन् भन्ने कामनासमेत प्रकृति पूजामा गरिने बताउनुभयो । ठिनी गाउँका स्थानीयवासी फालो पर्वको पूर्वसन्ध्यामा घोडामा सवार भएर प्रकृति पूजाका लागि नमखुलेक क्षेत्रमा पुगेका छन् । पर्वमा सहभागी हुने लामालाई गाउँका महिलाले परम्परागत रूपमा सम्मानसहित बिदाइ गरेका छन ।

प्रकृति पूजा गर्न गएको टोली दुई दिनपछि गाउँ फर्कनेछ । टोली फर्किएपछि मात्र फालो पर्व औपचारिक रूपमा सुरु हुने स्थानीय बताउँछन् । पर्वमा याक नाच, जोगी नाच, तमाया नाचलगायत सांस्कृतिक झाँकी प्रस्तुत गरिन्छ । दुई दिनसम्म सञ्चालन हुने पर्व धार्मिक विधि तथा परम्पराअनुसार समापन गरिनेछ ।


भाका, भुल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो ।
इन्द्रै विन्ती गरुन, झुकेर पदमा, त्यो विन्ती मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली एवम् समवेदना



जन्मः
वि.स. २००८/०८/२३ गते

स्वर्गारोहणः
वि.स. २०८३/०५/१६ गते

### स्वः चिरन्जिवी सिग्देल

पोखरा महानगरपालिका वडा नं. १३ स्थित पृथ्वीधर सिग्देल समाजका जग्गादाता, सदस्य, दानवीर दयालु स्वभावका धनी, धार्मिक तथा सामाजिक व्यक्तित्व **श्री चिरन्जिवी सिग्देल**को मिति २०८३/०५/१६ गतेका दिन ७५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी सबैलाई स्तब्ध बनाएको छ । बैकुण्ठधाम प्रस्थान गर्नुहुने चिरन्जिवी सिग्देलको आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं ।

यस दुःखद घडिमा शोकमा रहनुहुने उहाँकी धर्मपत्नी गृहलक्ष्मी सिग्देल, छोराबुहारी आशिष/कुसुम सिग्देल, छोरीहरु सरस्वती, सकुन्तला र सुष्मा एवम् ज्वाइँहरु, नातिनातिनी, दिदीबहिनी तथा इष्टमित्र आफन्तजनमा धैर्य धारण गर्ने शक्ति मिलोस भनि भगवानसँग प्रार्थना सहित **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**मैया सिग्देल**
**अध्यक्ष एवम्**
**पृथ्वीधर सिग्देल परिवार**
**पोखरा-१३, सिग्देल मार्ग**



## कोटेशन सम्बन्धमा

सूचना प्रकाशन मितिः २०८३/०५/२३

यस **पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को **२५औं वार्षिक साधारण सभामा** उपस्थित सदस्यहरुको लागि तपसिलमा उल्लेखित मिति, समय, स्थान र संख्यामा उल्लेखित विवरण अनुसारको खाना उपलव्ध गराउन सक्ने (खुलाउन सक्ने) ईच्छुक फर्म एवं कम्पनीबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र के कति दर रेटमा खाना उपलव्ध गराउन सक्ने हो सो खुलाई कोटेशन पेश गर्नु हुन जानकारी गरिन्छ ।

**खानाको विवरण : दाल, भात, तरकारी, कुखुराको मासु, अचार, चटनी, पापड, सलाद र डेजर्ट**

**तपसिल**

| मिति | समय | स्थान | न्युनतम संख्या |
|---|---|---|---|
| २०८३/०६/२४ | बिहान ११.०० बजेबाट दिउसो २.४५ बजेसम्म | पोखरा १०, बुद्धचोक, कास्की | ३००० |
| २०८३/०६/२५ | | पोखरा २९, तालचोक कास्की | १७०० |
| २०८३/०६/२५ | | शुक्लागण्डकी ४, दुलेगौंडा तनहुँ | १६०० |

**नोट : पेश भएका कोटेशन छनौट गर्ने अधिकार संस्थामा सुरक्षित रहने छ ।**

**थप जानकारीका लागि:**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited

**प्रधान कार्यालयः पोखरा १०, बुद्धचोक, कास्की**
**फोन नं.: ०६१-५८७८३३**
ईमेलः info@royalooperative.com